# भोटमा नेपाली खचडा

—डा. तीर्थप्रसाद मिश्र

कुनै पनि देशको विदेश नीतिको निर्णायकतत्त्वमा आर्थिक कारणले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ। प्राचीनकालदेखि नै नेपालको भोटप्रतिको नीतिमा पनि आर्थिक कारणले उल्लेखनीय प्रभाव पारेको पाइन्छ। कयौं शताब्दीसम्म नेपालले भोटको आन्तरिक र वैदेशिक व्यापारमा एकाधिकार प्राप्त गरेको थियो। नेपाल र भोट बीच राजनीतिक सम्पर्क हुनु अगावै व्यापारिक सम्बन्ध स्थापना भएको परिकल्पना गरिएको छ। लिच्छविकालदेखि नेपाल-भोट व्यापारको प्रमाणिक इतिहास उपलब्ध भएको पाइन्छ। सातौं शताब्दीको प्रारम्भमा केरूङ्ग मार्ग प्रचलनमा आएपछि[1] काठमाडौं भोट-हिन्दुस्थान दुवैको व्यापारिक संगमस्थल बन्न पुग्यो। लिच्छविकालमा नेपालीहरूमा किसानभन्दा व्यापारीहरूको संख्या अधिक भएको टिपोट चिनिया यात्रीले गरे[2] बाट पनि नेपालको व्यापार फष्टाएको देखिन्छ।

मध्यकालमा पनि भोटसंगको व्यापारमा नेपालको अग्रणी स्थान नै थियो। सत्रौं शताब्दीमा कान्तिपुरका राजा प्रतापमल्लले भोटलाई पराजित गराई एक सन्धि गरे। सन्धि अनुसार कान्तिपुरका व्यापारीले ल्हासामा बत्तीस कोठी स्थापना गर्न पाउने; ल्हासामा नेपाली व्यापारीको मृत्यु भएमा र मृतक निःसन्तान भएमा अपुताली कान्तिपुरले पाउने; व्यापारको सुरक्षाकालागि नायक नियुक्त गर्न पाउने; नेपाली व्यापारीले भोटेनी विवाह गरी जन्मेका सन्तानमध्ये छोरा नेपालको र छोरी भोटकै रैती हुने; जस्ता एकतर्फी अधिकार उपलब्ध भयो।[3] यसपछि नेपाली व्यापारीहरू ल्हासा र आसपासका क्षेत्रहरूमा बसोबास गरी आफ्नो कारोबार चलाउन थाले। कालान्तरमा ललितपुर र भक्तपुरका व्यापारीहरू पनि भोट व्यापारमा सहभागी भै कान्तिपुरका व्यापारीहरूले उपभोग गरे सरह सुविधा पाउन थाले। यो परम्परा पछिसम्म चल्दै गयो—पृथ्वीनारायण शाहले उपत्यका दखल गरे पश्चात पनि यसमा कुनै परिवर्तन आएन।

आधुनिककालमा आएर नेपाल—भोट बीच

---

१) लियो ई रोज र मारगरेट फिसर, **पोलिटिक्स अफ नेपाल**, लण्डनः कोरनेल यूनिभर्सिटी प्रेस, १९७०, पृ. २।

२) जगदीशचन्द्र रेग्मी- **लिच्छवि संस्कृति**, काठमाडौं: रत्न पुस्तक भण्डार, २०२६, पृ. १५३।

३) रेवतीरमन खनाल- ''नेपाली कानूनी इतिहासमा ल्हासा अदालत'' **नेपाल**, पूर्णाङ्क ६५, २०३२-कार्तिक, मंसीर र पुस, पृ. ४।

१७८९, १७९२ र १८५६[4] ईमा प्रमुख तीन सन्धिहरू भए। यी सन्धिहरूबाट कुनै नयाँ व्यवस्था भयो र कुनै पूर्व व्यवस्थाहरू खारेज भए भने कतिपय परम्परागत रीत दस्तुरहरू पनि कायमै रहे। नेपाली व्यापारीले भोटमा विवाह गरी जन्मेका सन्तानहरूको रैतानसम्बन्धी प्रचलित नियममा पनि कुनै फरक आएन। यस विषयमा १९५६ ई. को नेपाल—चीन मैत्री सन्धिबाट मात्र नयाँ व्यवस्था हुन गयो।

## खचडा व्यवस्था

सत्रौं शताब्दीबाट प्रारम्भ भै बीसौं शताब्दीको मध्यसम्म नेपालीले अनवरत रूपमा भोटमा प्राप्त गरेको सुविधाहरूमध्ये नेपाली व्यापारीहरूले भोटका कन्यासंग विवाह गरी जन्मेका छोरा नेपालको रैतीमा दर्ता हुने र छोरी भोटकै रैती हुने अनौठो (शायद संसारमा कतै नभएको) व्यवस्था एक थियो। तत्कालीन कागजपत्र तथा व्यवहारमा नेपालीको भोटे स्वास्नीबाट जन्मेका छोराहरूलाई "खचडा" भन्ने गरेको पाइन्छ, त्यसैले यहाँ पनि यी मिश्रित रक्तका व्यक्तिलाई खचडा नै उल्लेख गरिएको छ।

नेपालको व्यापार लिच्छविकालमा नै प्रारम्भ भए तापनि भोटमा नै बसोबास गर्ने व्यापारीहरूको संख्या न्यून भएको अनुमान हुन्छ। प्रतापमल्लको पालाको सन्धिबाट नेपाली व्यापारीहरूले भोटमा धेरै सुविधा पाएको तथा ल्हासामा नै नायो बस्ने व्यवस्था भएपछि ल्हासामा बसोबास गर्ने व्यापारीहरूको संख्यामा अभिवृद्ध भयो। कालान्तरमा नेपाली व्यापारीहरू ल्हासाको अतिरिक्त सिगात्से (डिगर्चा), ग्यान्ची, याटुङ, कुति, केरूङ आदि सामरिक क्षेत्रमा बस्न थाले। भोटमा बसोबास गरी आफ्नो व्यवसायमा संलग्न हुने नेपाली व्यापारीहरूले आफ्नो साथमा परिवार लिएर जाँदैन थिए। आफ्ना परिवार लिएर नजानाका कारणहरू विभिन्न थिए। प्रथमतः नेपालबाट टाढा र अति विकट ल्हासामा परिवार लिएर जान संभव थिएन, दोस्रो व्यापारीहरूले भोट—मोगलान (हिन्दुस्तान) गरिरहनु पर्ने हुनाले, व्यापारी—हरूका परिवारलाई आफ्नो व्यापारिक स्थलमा राख्नु उपयुक्त ठान्दैन थिए, तेस्रो नेपाली व्यापारीहरूले भोटमा विवाह गर्न मुश्किल थिएन, भोटकै स्त्री विवाह गर्दा शारीरिक, मानसिक सन्तुष्टि हुनुका साथै व्यापारमा पनि बढावा मिल्ने हुँदा नेपालीहरू आफ्नो परिवार, विशेषतः श्रीमतीलाई, लिएर जान आवश्यक ठान्दैन थिए।[5] व्यापार तथा अन्य प्रयोजनका लागि भोटमा जाने व्यक्तिले आफ्नो स्त्री लिएर जान निषेध गरिएको थियो भन्ने भनाइ[6] रहे तापनि निषेध गरिएको प्रमाण भने पाइएको छैन। "नारीलाई मृत्युदण्ड जस्ता डरलाग्दा सजायँ दिनु पर्‍यो भने भोट धपाउने चलन थियो" भन्ने उल्लेख गरेको[7] पाइए तापनि यसको ठोस दस्तावेज पाउन सकिएको छैन। समकालीन लेखक तथा यात्रुहरूले प्रायः सबै नेपालीहरूले भोटेनी स्वास्नी राख्ने गरेको चर्चा गरेका

---

४) १७८९ को सन्धिका शर्तहरूको लागि हेर्नुहोस्, रोज, पूर्ववत पादटिप्पणी संख्या १, पृ. ४३। १७९२ को सन्धिका शर्तहरूको लागि हेर्नुहोस्, उही, पृ. ६४, ६५। १८५६ को शर्तहरूको लागि हेर्नुहोस्-उही, पृ. ११४-१५। १७८९ र १७९२ को सन्धि विषयमा प्रामाणिक दस्तावेज पाउन सकिएको छैन। दुवै देशहरू बीच युद्धकालमा भएका पत्राचारहरूको आधारमा सन्धि शर्तहरू निर्धारण भएको अनुमान गरिन्छ।

५) खनाल, पूर्ववत, पादटिप्पणी, संख्या ३, पृ. ५।

६) ज्ञानमणि नेपाल, नेपाल निरुक्त; काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४०, पृ. २०६।

७) उही, पृ. २०६, राजराजेश्वरी (रणबहादुर शाहकी रानी) र भीमसेन थापाकी दुई श्रीमतीलाई हेलम्बुमा निर्वासित गरिएको र राजेन्द्रलक्ष्मी (सिंहप्रताप शाहकी रानी) लाई विष खुवाउने अभियोग लगाइएको, मथुरालाई भोटमा धपाएर पठाएको अधुरो सूचनाकै आधारमा संगीन अपराध गर्ने स्त्रीलाई भोट पठाइन्थ्यो भनेर ठोकुवा गर्न सकिंदैन।

छन् ।[8] एक ब्रिटीश अधिकारी जो हान्सीस योगहस्वेण्डको अभियानमा १९०४ मा ग्याञ्चीमा पुगेका थिए, उनले त्यस स्थानमा रहेका सातजना नेपाली सबैले भोटेनी स्वास्नी राखेको टिपोट गरेका छन् ।[9]

**खचडाहरूको संख्या**

नेपाली व्यापारीले भोटका स्त्री विवाह गरी जन्मिएका खचडाहरूको संख्या यकिन हुनसकेको छैन । प्रारम्भमा यस्ता खचडाहरूको संख्या कम थियो तर क्रमशः व्यापारीहरूको संख्या बढ्ना साथ खचडाहरूको संख्यामा पनि बृद्धि भयो । खचडाको सन्तान (छोरो) पनि खचडा हुने हुनाले कालान्तरमा यस समुदायको संख्या बढ्न थाल्यो । भोटमा नेपाली खचडाहरूको संख्या यकिन गर्न मुश्किल छ, सरकारले खचडाहरूको लगत राखी अद्यावधिक बनाउने कुनै प्रयास गरेको देखिदैन । राणाकालको मध्यतिर आएर खचडाको रैती सम्बन्धमा विवाद आउन थालेपछि मात्र लगत राख्नु पर्ने आवश्यकता महसूस हुन थाल्यो । यसैकारण चन्द्रशम्शेरले ल्हासास्थित नेपाली वकील लालबहादुर बस्नेतलाई वि. सं. १९७० भाद्र १८ गते (सेप्टेम्बर–१९१३) निम्न आदेश दिएका थिए:—

> षचराहरूमा यो यो हाम्रो रैतीको भन्या लगत नभयाकाले मामिला मुद्दा पर्दा रैती छुट्टाउन मुस्कीलभै बरावर गडवड भैरहने भयाको हुनाले अब उप्रान्तलाई सो लगत षडागरी राषना निमित्त डिगर्चाका नाइके थकालीहरूलाई लेषी गयाको छ. तिमीले पनी ताहा ल्हासामा रहेका हाम्रा रैयत ठहरेका षचराहरूको ३ पुस्ते औ यस ठाउंको जन्म भन्या समेत देखिने गरी लगत किताप बनाई १ प्रति ताहा राषी १ प्रति हाम्रो हर्जुमा चढाई पठाउनु पछि थपघट पनि सो कितापमा लेषने गरी राषनु[10]

सोही मितिमा डिगर्चाका नाइके नरबहादुर षत्री छेत्रीलाई पनि वकीललाई जस्तै "पुराना मानिस थकाली संग सोधी हाम्रा षचरा यस्का छोरा नाती भनि छुट्याउनु" भन्ने दुई छापे सनद पठाएको पाइन्छ ।[11] तर भोट मुलुकभर खचडाको संख्या भएको अद्यावधिक लगत राखेको प्रमाण भने उपलब्ध हुनसकेको छैन ।

वि. सं. १९६६ मा केरूङ्ग, कुति, डिगर्चा र ल्हासामा खचडाहरूको संख्या क्रमशः ८०, २४८, ११२ र १८३ भएको र वि. सं. १९७० मा गाम्ती चितन गाउँमा क्रमशः २४ र ४९ तथा रोङपाले डेरोङ सुंखा आदि स्थानमा ४४, ढाही, लवरा, कोगु आदि स्थानमा ८०, ढनाम आदि स्थानमा ५३ खचडाहरू थिए ।[12] १९२० ई. तिर ल्हासा पुगेका अंग्रेज कुटनीतिज्ञ चार्ल्स बेलले भोटमा नेपाली व्यापारी ६००।७०० भएको र खचडाहरूको संख्या १००० भएको उल्लेख गरेका छन् ।[13] १९५६ ई. सम्म, जुनवेला खचडा समुदाय

---

८) एल. अस्टाइन वाडेल– **ल्हासा एण्ड इट्स माइस्ट्रिज** दिल्ली: संस्करण प्रकाशन, १९७५ (पुनः मुद्रित) पृ. २१४ ।

९) तीर्थप्रसाद मिश्र–"पोलिटिकल रिलेसन्स बिटविन नेपाल एण्ड टिवत"– अप्रकाशित विद्यावारिधि शोध प्रबन्ध, पटना विश्वविद्यालय, १९८६, पृ. २००–०२ ।

१०) श्री ३ चन्द्रशम्शेरले वकील लालबहादुरलाई पठाएको आदेश, वि. सं. १९७० भाद्र १८ गते रोज ३ (सेप्टेम्बर–१९१३), पोका नं. ६०, परराष्ट्र मन्त्रालय अभिलेखालय, काठमाडौं ।

११) उही

१२) ज्ञानमणि नेपाल– **नेपाल–भोट चीन सम्बन्धका केही सांस्कृतिक पक्ष**, काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४५, पृ. २१०–१२ ।

१३) चार्ल्सबेल, **टिबट पास्ट एण्ड प्रिजेन्ट**, अक्सफोर्ड: क्लेरनडन प्रेस, १९२४ ई., पृ. २३३ ।

नेपालको रैती हुने परम्परामा परिवर्तन भयो, यस्ता समुदायको संख्या २००० भन्दा अधिक भएको अनुमान हुन्छ ।

## विभिन्न क्षेत्रमा खचडा

भोट अधिराज्यभरि नै छरिएर रहेका यी खचडाहरूले विविध पेशामा सरीक भएका देखिन्छन् । अधिकांश खचडाहरूमा व्यापार व्यवसायमा नै संलग्न रहने चाहना भएको पाइन्छ । ल्हासा, ग्याञ्ची, सिगात्से, याटुङ, कुति, केरूङ्ग, ताक्लाखार आदि स्थानमा खचडाहरूले बन्द व्यापारको व्यवसाय लिएका देखिन्छन् । वि. सं. १९६० मा ल्हासास्थित नेपाली वकील जीतबहादुर खत्री छेत्रीले पठाएको 'ल्हासाको दस्तुर किताबमा' ल्हासा, ग्यामता, ग्याञ्ची, चेतान्, सिगात्से, ल्हाछे, टिंगरी, कुति, केरूङ्गमा यस्ता खचडाहरूको कोठी २३ भएको टिपोट गरेका छन् ।[14] वि. सं. १९६० तिरनै भोट सरकारबाट चौध जना नेपाली व्यापारीलाई महाजनमा गणना गरेकोमा टाशी डिङ्ु र झुमरा पासाङ दुई जना खचडा व्यापारीहरू पनि समाविष्ट थिए ।[15] सिगात्सेमा बसोबास गर्ने रिनाजिन तोप्के उन चवरका नामी व्यापारी थिए– भारतसंगको उन चवरको व्यापारमा उनको प्रमुख भूमिका थियो ।[16] यस्तै धोर्जे धम्दी पनि उन चवरका ठूला व्यापारी थिए । कतिपय खचडाहरू वकील र स्थानीय नेपाली कर्मचारीको ढाडस पाएर अफिम जस्ता निषिद्ध वस्तुको व्यापारमा लागेका दृष्टान्तहरू पाइएका छन् । भोट मुलुक भर जाँड रक्सीको भट्टी थापेर बस्ने खचडाको संख्या पनि निकै थियो ।[17]

खचडाहरू भोटको भाषामा पनि पोख्त भएकाले दोभाषेको रूपमा पनि कार्य गरेको देखिन्छ । ल्हासास्थित वकील कार्यालय र ग्यात्से हुड्डामा सरकारी दोभासे भएर खचडाहरूले काम गरेको पाइन्छ ।[18]

नेपाली खचडा र भोटका स्थानीय व्यक्तिहरूको आकृति, लवाइ, खवाइ, र बोलाइमा पनि खास भिन्नता नहुने हुनाले नेपाल सरकारले विभिन्न संकटका घडीहरूमा उनीहरूलाई जासूसी कार्यमा संलग्न गराएका उदाहरणहरू पाइन्छन् । १९०३–०४ को भोट-अंग्रेज विवाद चर्केको बेलामा नेपाल सरकारको निर्देशनमा तत्कालीन वकील जीतबहादुरले दुवै पक्षको गोप्य क्रियाकलापहरू बुझ्न यीनै खचडाहरूलाई सरीक गराएका थिए ।[19] याटुङमा अंग्रेजको गतिविधि बुझ्न जमभेल (जयभे ?) पठाएको समाचार वकीलले काठमाडौं पठाएका थिए ।[20] यस तनावको समयमा नेपाली वकीलले महत्त्वपूर्ण गोप्य सूचना संकलन गरी अंग्रेजलाई दिएका थिए । दोर्जेफ (खेन्देछेगा) गोप्य गतिविधि र भोट रूसको साँठगाँठ बुझ्न जीतबहादुरले नेपाली खचडाहरूलाई लगाएका थिए ।[21] यसका अतिरिक्त दलाई लामा चार काजीहरूको गतिविधि बुझ्न यस्ता व्यक्तिहरूको चयन हुने गर्दथ्यो ।[22]

---

१४) ल्हासाको दस्तुर किताब, परराष्ट्र मन्त्रालय अभिलेखालय, काठमाडौं, (पोका नम्बर उल्लेख नभएको)
१५) उही
१६) रिनाजेन तोप्केले श्री ३ महाराज चन्द्रशम्शेरलाई पठाएको विन्तिपत्र, वि. सं. १९७१ श्रावण (जुलाई अगष्ट १९९४), परराष्ट्र मन्त्रालय अभिलेखालय, पोका नं. ९० ।
१७) तीर्थप्रसाद मिश्र– **पूर्ववत,** पाद टिप्पणी संख्या ९, पृ. ३०८–१४ ।
१८) कम्माडरी किताब खाना अभिलेख, १९०५–१९९८, राष्ट्रिय अभिलेखालय, काठमाडौं ।
१९) वकील जीतबहादुरले श्री ३ महाराज चन्द्रशम्शेरलाई पठाएको विन्तिपत्र, वि. सं. १९७१ श्रावण १४ रोज ५ (जुलाई १९१४), परराष्ट्र मन्त्रालय अभिलेखालय, पोका नं. २०६ ।
२०) उही
२१) उही
२२) उही

चीन भोट संघर्ष, ग्यालबु काण्ड र यस्तै भोट नेपाल विवादमा खचडाहरूद्वारा भोटको गोप्य गतिविधि बुझ्ने प्रयास भएको पाइन्छ। तर अधिकांश खचडाहरू अशिक्षित तथा चतुर नहुनाको कारणबाट नेपाल सरकारले जासूसी कार्यमा उनीहरूबाट अपेक्षाकृत लाभ पाउन सकेको देखिदैन। कति पटक त गलत सूचना र समाचार दिएकोमा वकीलले राणा सरकारबाट हप्की पनि खानु परेको थियो।[23]

व्यापारी र सरकारी सेवामा संलग्न हुने खचडाहरूको संख्या ज्यादै न्यून थियो। अधिकांश खचडाहरू भेडा गोठाला, भरिया तथा मजदूरहरू थिए। आफ्ना बाबुबाट उचित प्रोत्साहन नपाउँदा खचडाहरू कुशल व्यापारी हुने कमैले मौका पाए।[24]

## खचडाहरूप्रति नेपाल सरकारको नीति तथा दृष्टिकोण

खचडाहरूप्रति नेपाल सरकारको नीति खचडाहरूको हित र सुरक्षा तर्फ पूर्णरूपले केन्द्रित हुनसकेको पाइदैन–खचडाहरूलाई कज्याउने तर्फ सबै सदैव उन्मुख भएको देखिन्छ। भोट र नेपाल दुवैबाट बहिष्कृत यी वर्गलाई वकील र स्थानीय अधिकारीहरूले रैतीमात्र दावा गर्ने, कर लिने र झारामा काम लगाउने गर्दथे। आफ्नो फाइदाका लागि भने खचडा र स्थानीय भोटका निवासी बीच भएको झगडामा नेपाली अधिकारीहरूले सदैव खचडाकै साथ दिन्थे। खचडाहरूले कति पटक आफूलाई स्थानीय नेपाली अधिकारीहरूले दुःख दिएकोमा श्री ३ महाराज समक्ष विन्तीपत्र जाहेर गरेका थिए। वकील मालिकाप्रसाद विरूद्ध खचडा र महाजनहरूले उजुरी गरेका थिए। यसमा चीन जाने सौगात मण्डलका नेता काजीले उक्त मुद्दाको सुनुवाई गरेको प्रमाण पाइन्छ।[25] तर यस मुद्दामा के कस्तो कार्यवाही भयो थाहा हुन सकेको छैन। कुनै बखतमा त खचडाहरू काठमाडौं आई वकील विरूद्ध श्री ३ महाराज समक्ष कराएका पनि थिए। ल्हासास्थित नेपाली वकील जीतबहादुर खत्री छेत्रीले खचडाहरूलाई ज्याला नदिई काम लगाउने, बढता दुःख दिएको उल्लेख गरी ७५ जना खचडाले उजुरी गरेका थिए। सो विन्तीपत्र लिई ल्हासाबाट नर्बु छिरिङ र काजीमान सम्पूर्ण खचडाको प्रतिनिधित्व गर्दै काठमाडौं आएका थिए।[26] यस उजुरीमा श्री ३ महाराज चन्द्र शम्शेरले बडापत्र पठाएको देखिन्छ, जसमा:

> वकिलका मित मानबहादुर आउदा ल्हासादेखि १५ पाऊसम्म ५० भारी जिन्सी वेदाम बोकाया भन्ने नर्बु छिरिङ काजीमान षचराले उजुर गर्दा तिमीलाई सोधनी भै गएकोमा ५।६ भारी देखि थिएन भनेऊ तर ५० भारीकै उनीहरूको ज्याला भराई दिनु...... भोटका मुलुकमा हाम्रा रैयत हुनाले वकिली अड्डाको तालुकमा राखी चलि आएको तिरो भरी लिषुसीसंग काम चलाउनु पर्छ ज्यादा करकाप गरी चिढाई जलाउनु हुदैन... आफ्ना रैती षचरालाई खलतनतुमा राखी कां गर्नुमा चिढाई काम गर्न लाग्यौ भने तिम्रो कसो गरी रवाफ रहला ....[27]

काठमाडौं आई कराएको यो एउटै घटना मात्र

२३) वकील जीतबहादुरले खचडाको खबर अनुसार रूस र भोटको गोप्य सन्धि भएको विषयमा दिएको समाचार गलत थियो। यस्तै अन्य कतिपय समाचारहरू असत्य सावित भएका थिए।

२४) डोरबहादुर विष्ट, ''नेपलिज इन टिवट, ''कन्ट्रिब्युसन इन नेपलिज स्टडिज'' भोलुम ७ संख्या–१ (डिसेम्वर १९८०), पृ. १–२०।

२५) तीर्थप्रसाद मिश्र र निरञ्जन शर्मा–'ल्हासा वकीली अदालतमा पर्ने कार्यहरू' रोलम्बा भोलुम ४; संख्या–१ (जनवरी–मार्च, १९८४), पृ. ५ (नेपाली खण्ड)।

२६) वि. सं. १९६४ साल भाद्र १६ गते रोज ३ को (अगष्ट १९०४), वकील जीतबहादुरलाई पठाएको बडापत्र, पोका नं. ५०, परराष्ट्र मन्त्रालय अभिलेखालय।

२७) उही।

पाइन्छ। स्वयं जीतबहादुरले पठाएको जाहेरीमा नोर्बु छिरिङ्ग बाहेक अरू "हाकिमको नाउँमा कराउन आएको" थाहा छैन भन्ने उल्लेख छ।[२८] श्री ३ महाराजहरूले खचडाहरूप्रति राम्रो व्यवहार गर्न वकीललाई आदेश दिइयो तर वकील विरुद्ध कुनै कार्यवाही भएन। जीतबहादुरलाई खारेज गर्नमा उनको खचडाप्रतिको नीति उत्तरदायी थियो। तर सोही कारणले मात्र उनको तानावाना गएको भने अवश्य होइन।[२९] अधिकांश खचडाहरू अनपढ सोझा भएकाले उनीहरूमा स्थानीय अधिकारीप्रति शिकायत गर्ने पनि धृष्टता गर्दैन थिए। उक्त एक दुई घटनाको आधारमा सबै वकीलहरूले खचडाहरूलाई सताएका मात्र थिए भन्ने निष्कर्षमा भने पुग्न सकिँदैन। तर पनि खचडाहरूको स्थिति सुधार्न भने सरकारबाट ठोस कार्यक्रमको तर्जुमा कहिले पनि भएन।

खचडाप्रति सरकारले लिने सबैभन्दा कठोर परम्परागत नीति थियो-खचडाले बाबुको अंश नपाउनु। भोटस्थित महाजनको सम्पत्तिमा खचडा छोराको कुनै अधिकार हुँदैन थियो। उक्त महाजन निःसन्तान भएमा पनि मृतकको सम्पत्ति सरकारको हुन्थ्यो, खचडाले पाउँदैन थिए। यस विषयमा जीतबहादुरको जाहेरीः

> अपुतालीको भन्या लेषियाका महलमा कामलाई नेवार महाजनहरू पट्टिमा हकवाला जाहा भया (उसैले पाउने) जाहा नभया नेपालमा भया नभयाको सोधी पठाई सर्कारमा ऐन बमोजिम रपोट जाहेरी गरी सदर भै आयाको रपोट बमोजिम गर्ने र (हकवाला कोही नभए) साहु बुझाई बाँकी स्याहामा आमदानी गरी तोसा षाना दाषिल गर्ने खचडा छोरो भयापनी नीजले नपाउने, षचडा षचडैमा भया छोराहरूले पाउने... माहाजनहरूको धन्मा खचडाहरू सबैले दुःख गरि कमायाको धन हामीले पनि केहि पाउनु पर्ने हो. आफ्ना बाबुको धन केहि षान नपाई अलपत्र परी दुष पाउनु पर्ने होइन भोट तरफको हामीलाई केहि छैन भनी खचडाहरू सान्हैरूनु कराउनु गरी आयाको बुझिन्छ।........[३०]

भोटबाट पनि यी खचडाहरूलाई आफ्ना रैती नभएकाले कुनै सुविधा नदिनु स्वभाविकै थियो। तर नेपाल सरकारले आफ्नो बाबुको अंशमा पनि आंशिक हकदार हुने कानून बनाएको भए खचडाहरूमा नेपालप्रतिको आस्थामा बृद्धि हुने थियो। नेपालमा बसोबास गर्ने रैतीले आफूभन्दा तल्लो जातमा विवाह गरी जन्मेका छोराहरूले बाबुको अंशमा दावी गर्न सक्दथे र पाउने व्यवस्था थियो।[३१]

नेपाली व्यापारीले स्थानीय भोटेनी विवाह गरी जन्मेका छोरीहरू भोटकै रैती हुने परम्पराले गर्दा उनीहरूको स्थिति पनि राम्रो थिएन। भोट सरकारले खचडाका स्वास्नी र छोरीलाई विभिन्न कर लगाएर विभिन्न समयमा दुःख दिएको प्रमाण पाइन्छ।[३२]

भोटस्थित नेपाली खचडाहरूले सरकारलाई विभिन्न करहरू बुझाउनु पर्दथ्यो। भोटमा विशेष सुविधा उपभोग गरे वापत[३३] वार्षिक रूपमा दुई टङ्का अर्थात्

---

२८) मिश्र—**पूर्ववत्**, पाद टिप्पणी संख्या २५, पृ ५ (नेपाली खण्ड)।

२९) वकील जीतबहादुरको खारेजी गर्नका कारणहरू विषयमा हेर्नुहोस, मिश्र, **पूर्ववत्**, पाद टिप्पणी, संख्या ९, पृ. १९१–९२।

३०) मिश्र, पूर्ववत, पाद टिप्पणी संख्या २५, पृ. ७ (नेपाली खण्ड)।

३१) रेवतीरमण खनाल, **मुलुकी ऐन (केही विवेचना)**, काठमाडौं: निहारेन्द मल्ल, वि. स. २०२६, पृ. १५३–५५।

३२) वकील जीतबहादुरले श्री ३ चन्द्रशम्शेरलाई पठाएको विन्तीपत्र, वि. सं. १९७० श्रावण २९ रोज ३ (अगष्ट–१९१३), पोका नं. ९०, परराष्ट्र मन्त्रालय अभिलेखालय, काठमाडौं।

३३) भोटमा नेपालीहरूले, सन् १८६५ को सन्धि अनुसार मुलुकभर बन्द व्यापार गर्न पाउने, भोटको कानून नलाग्ने, भन्सार तिर्नु नपर्ने जस्ता सुविधा पाएका थिए। यस विषयमा विशेष जानकारीका लागि हेर्नुहोस्– तीर्थप्रसाद मिश्र–सन् १८५६ ई. को सन्धिको मूल्यांकन–**नेपलिज कल्चर**, भोलुम ४(जुन १९८७), पृ १-७(नेपाली खण्ड)।

छ आना बुझाउनु पर्दथ्यो ।[34] यसका अतिरिक्त कुनै खचडा भिक्षु (वाडा) हुन चाहेमा दुई काला मोहर वकीली कार्यालयमा बुझाउनु पर्दथ्यो। यस विषयमा जीतबहादुरको जाहेरी:

> फकिर सित मुडिग्या लेषियाका महल्का कामलाई हाम्रा रैती खचडा २ भाई छन भन्या १ भाई गुम्बामा वाडा गराउन इच्छ्या हुन्याले षचडा थकाली मार्फत वकीललाई वक्साई षाता १ काला मोहर २ राषी अघिदेषी गुम्बामा वाडा तुल्याउन हुन्या दस्तुर चली आयाको............[35]

यसका अतिरिक्त खचडाहरू मर्दा उठाउँदा सोता षाता १ को ।।। (बाह्र आना) र नगदी ।। (आठ आना) बुझाउनु पर्दथ्यो ।[36] ग्याञ्ची डिगर्चा र यस्तै अन्य क्षेत्रबाट ल्हासामा व्यापार गर्न आउने खचडा व्यापारीले (अन्य व्यापारी सरह) २ काला मोहोर, ल्हासाबाट अन्य स्थानमा व्यापार गर्न जाँदा खचडाले २ काला मोहोर बुझाउनु पर्ने दस्तुर थियो ।[37] उपर्युक्त किसिमबाट हुने आय कौसीतोसाखानामा जम्मा नभैकन वकीलको सलामी हुन्थ्यो । यस बाहेक नेपाल आउँदा प्रत्येक खचडाले राहदानी दस्तुर ८।। (आठ रु. आठ आना) र अन्य व्यापारिक करहरू तिर्नु पर्दथ्यो ।[38] खचडाहरूले अन्य व्यापारीहरूले तिर्नु पर्ने ज्ञानपंजी रकमबाट भने छूट दिएको पाइन्छ ।[39]

## भोट सरकारको खचडाप्रतिको दृष्टिकोण

भोट सरकारको खचडाप्रतिको दृष्टिकोण सदैव राम्रो रहेको पाइँदैन । अहद र परम्परा विपरीत भोटका अधिकारीहरूले खचडा उपर कर लगाउने, उनीहरूको मुद्दामा नेपालका स्थानीय अधिकारीसंग सरोकार नै नगरी निर्णय गरेको पाइन्छ। वास्तवमा आफ्नो भूमिका नेपाली व्यापारीहरूले पाएको विशेष सुविधा र क्षेत्राधिकारबाट भोटका जनता रुष्ट थिए । यसका साथै खचडाहरू अफिम जस्ता निषिद्ध वस्तुको व्यापारमा संलग्न भएको र भोटका रैती र खचडाबीचको मुद्दा मामिलामा नेपालका स्थानीय अधिकारीहरूले खचडाकै पक्ष लिएको ठान्दथे। यी क्रियाकलापले गर्दा भोटका अधिकारी र जनताले अप्रत्यक्ष रूपमा खचडाहरूलाई दुःख दिने गरेको पाइन्छ ।

विभिन्न समयमा खचडाहरूको धनमाल लुटिएका घटनाहरू घटेका पाइन्छन् । यी घटनाहरूमा कतिपय वकीलको सत्प्रयासबाट भोटबाट भरिभराउ भएको छ भने कति घटनाहरूमा खचडाहरूको धनमालको क्षतिपूर्ति हुनसकेको थिएन। १८८३ ई. मा ल्हासामा नेपाली व्यापारीहरूको धन सम्पत्ति लुटेको र जलाएको घटनाको चपेटमा खचडाहरू पनि परेका थिए। तर यसमा खचडाहरूको धनमालको क्षतिपूर्ति भोटले गऱ्यो ।[40]

---

३४) प्रेमरमण उप्रेती– **नेपाल टिवेट रिलेसन्स**– १८५०–१९३०, काठमाडौं: युगानारा, १९८०, पृ. १४७ ।

३५) मिश्र, **पूर्ववत्**. पाद टिप्पणी संख्या–२५, पृ. ८ (नेपाली खण्ड) ।

३६) वकील जीतबहादुरले पठाएको जाहेरी. (मिति नभएको), पोका नं. ८८, परराष्ट्र मन्त्रालय अभिलेखालय, काठमाडौं।

३७) श्री ३ चन्द्रशम्शेरले वकील रणगंभीर सिंह घर्ति छेत्रीलाई पठाएको आदेश, वि. सं. १९८५ श्रावण ३२, (अगष्ट–१९२८) उही ।

३८) वकील जीतबहादुरले पठाएको जाहेरी, वि. सं. १९६१ माघ १८ रोज २ (जनवरी–१९०५) उही ।

३९) उही, यस विषयमा नेपालजीले बाह्र वर्ष पुगेपछि खचडाका छोराहरूलाई ज्ञानपञ्जी रकम लाग्दथ्यो भन्ने उल्लेख गर्नुभएको छ, नेपाल, **पूर्ववत्**, पाद टिप्पणी संख्या १२, पृ. २१३–१६, जीतबहादुरले पठाएको जाहेरीमा र ल्हासाको दस्तुर किताबमा खचडाहरूलाई ज्ञानपञ्जी रकम नलाग्ने उल्लेख छ ।

४०) १८८३–८४ मा नेपाली व्यापारीहरूको धनमाल लुटिएको काण्डमा नेपाल–भोटबीच युद्ध हुने स्थिति देखा पऱ्यो । अन्त्यमा भोटले नेपालीहरूको क्षतिपूर्ति दिन मञ्जुर गरेपछि विवाद टुङ्गियो । विशेष जानकारीको लागि हेर्नुहोस्, त्रिरत्न मानन्धर, **नेपाल–भोट विवाद**, काठमाडौं: नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि. सं. २०४१ ।

ग्य म्तामा खचडाको धनमाल लुटिएकोमा अहद अनुसार लुटेको धनमाल भराउन वकीलले भोटका चार काजीसंग लेखापढी गर्दा पनि क्षतिपूर्ति हुन नसकेको देखिन्छ ।[41] ल्हासा, ग्याञ्ची, सिगात्से, ताक्लाखार, कुति, केरूङ्ग आदि क्षेत्रमा पनि खचडाको ज्यू, धनको नोक्सानी भएको र नेपालले लेखापढी गरेको पाइन्छ । यस्ता घटनाहरू १९३० को दशकसम्म घटि नै रह्यो ।[42]

१९०४ ई. पश्चात फरिको बाटो खुलेपछि भोट सरकारले अहद विपरीत त्यस मार्गबाट व्यापार गर्ने नेपाली व्यापारीहरूलाई भन्सार लगाउन खोज्दा दुवै देशको सम्बन्धमा तनाव आयो । यस परिस्थितिमा खचडाहरूको व्यापारमा नोक्सान पर्न गयो । सिगात्सेका खचडा रिनजिन तोप्केले ७०० भारी ऊन चवर फरिको बाटोबाट भारत निकासी गर्न लाग्दा भोटका अधिकारीले जगात दस्तुर लिने प्रयत्न गरे । निज खचडाले १२ सालको अहदको कुरा गर्दा उसको मालसामान सबै जफत गरी घोडा खच्चर सबै लुटियो ।[43] यस विषयमा दुवै देशका सरकारबीच लामो लेखापढी भयो । नेपाली वकीलले पिन्छेन लामासंग पत्राचार पनि गरे । तर यसमा कुनै उपलब्धि भएन ।[44] अन्तमा रिनजिन तोप्केले जगात महसूल तिरेर मात्र भारततर्फ आफ्नो मालसामान निकासी गर्न सके । यो त उदाहरणको लागि मात्र एक घटना प्रस्तुत गरिएको हो– यस्ता धेरै घटनाहरू घटेका छन् । कालान्तरमा नेपाली व्यापारीहरूले भारततर्फ फरिको बाटोबाट व्यापार गर्दा कर तिर्नुपर्ने भयो । तर भोटबाट नेपालमा आउने मालसामान भने करमुक्त हुने परम्परामा कुनै परिवर्तन भएन ।[45]

भोट सरकारले खचडाहरूलाई विभिन्न बाधा अड्चन पुऱ्याई दुःख दिएका दृष्टान्तहरू पाइन्छन् । उनीहरूको भट्टी पसलमा भोटबाट कर लगाउने प्रयत्न गर्दा ल्हासास्थित नेपाली वकीलले कडा विरोध जनाएका थिए ।[46] "भोटमा नेपाली महाजन खचडाको जाँड रक्सी भट्टीमा कर लगाउने कुरामा १२ सालको अहद देखाई हुन नदिनु कर हामीले नै लिनु पर्छ" भन्ने वकीलको नाममा आदेश गएको थियो ।[47] ल्हासास्थित नेपाली रैतीले वहाल तिरूञ्जेल भोटका रैतीले हटाउन नपाउने परम्परा थियो । ल्हासाको दस्तुर किताबमा "हाम्रा रैती महाजन मुसलमान षचराहरू माथि भोट सर्कारले केहि कुराको दावा राषदैनन ठेकिया बमोजिम कोठीको वाल–सम्म तिर्नुपर्छ–सो कोठीको वालमा अरू भोटेले बढन आए पनि पाउदैन"[48] भन्ने उल्लेख छ । तर ल्हासा-स्थित आने भन्ने खचडालाई साविक बमोजिम घरको वहाल तिरिरहेकोमा घर धनीले हटाएको प्रमाण पाइन्छ ।[49]

---

४१) श्री ३ चन्द्रशम्शेरले वकील जीतबहादुरलाई पठाएको आदेश, वि. सं. १९६८ साल कार्तिक ११ गते (अक्टोबर –१९११), पोका नं. ८८, परराष्ट्र मन्त्रालय अभिलेखालय, काठमाडौं ।

४२) मिश्र, **पूर्ववत्**, पाद टिप्पणी संख्या ९, पृ. २७४–७५ ।

४३) उही, पृ. ३९१–९२ ।

४४) उही ।

४५) उही ।

४६) वकील जीतबहादुरलाई पठाएको वडापत्र, वि. सं. १९६४ साल भाद्र २९ रोज ७ (सेप्टेम्बर–१९११) पोका नं. ५०, परराष्ट्र मन्त्रालय अभिलेखालय, काठमाडौं ।

४७) उही ।

४८) तीर्थप्रसाद मिश्र, निरन्जन शर्मा, "ल्हासाको दस्तुर किताब", **रोलम्बा**, वर्ष ३ अंक ४ (अक्टोबर–डिसेम्बर १९८३), पृ. १२ (नेपाली खण्ड) ।

४९) वकील लालबहादुर बस्नेतको जाहेरी, वि. सं. १९६९ फागुन ३ (फेब्रुवरी–१९१३) पोका नं. ८०, परराष्ट्र मन्त्रालय अभिलेखालय, काठमाडौं ।

भोट सरकारले खचडाको स्वास्नी र छोरीहरू कज्याउने नीति पनि लिएको देखिन्छ । खचडाको स्वास्नी र छोरीलाई अमटां भन्ने रकम उठाउन थालेको र यस्तो रकम पहिले कहिले पनि नलगाएको कुरा वकील लालबहादुरको जाहेरीमा परेको छ ।[50] खचडाको स्वास्नी–लाई जबरजस्ती भोटका अधिकारीहरूले झारामा सरकारी घर बनाउँदा ढुङ्गा ओसार्न लगाएको कुरा एक प्रत्यक्षदर्शीले बताएका छन् । यस विषयमा आवश्यक कुरा मिलाउन चन्द्रशम्शेरले वकील लालबहादुर बस्नेतलाई निम्न आदेश पठाएका थिए:

> .... गोर्षा रैयत् लोग्ने तुल्याई वसेका षचर्नी तेसबाट जन्म्याका छोरीहरू स्मेत हाम्रा रैतीसंग वसंज्यालसम्म भोटबाट नया रकं लिन नपाउने अघि देषिको थीती हुनाले, सोही केरूङ्गमा अघि ६६ सालमा रकं लिने कुरा उठाउदा पनि यहि वेहोराको कस्यालमा कुरा काहानी भै लेषापढी भै नया रकं लिन नपाउने ठहरी सोही वेहोराको अधिका केरू झोका ढेवाहरूमा कार्के स्मेत पठाई .......[51]

उक्त पत्रको आधारमा खचडासंग बस्ने स्वास्नी र छोरी पनि नेपाली रैती हुने नियम बाँधिएको थियो भन्ने उल्लेख पाइन्छ ।[52] तर यो नियम बाँधिएको थिएन, केवल खचडासंग बसुन्जेल मात्र भोटकै रैती भए तापनि भोटबाट कुनै नयाँ रकम लिन नपाउने थिति भएको मात्र देखिन्छ– जुन परम्परालाई भोटबाट खलल भएको थियो ।

खचडा र भोटका रैती बीचमा हुने मुद्दा मामिलामा नेपाल र भोटका अधिकारीहरूको संयुक्त कचहरीबाट निर्णय गर्ने विषयमा सन् १८५६ को सन्धिले व्यवस्था गरेको थियो । यसमा पनि भोटले सन्धिको मर्यादा तोडी एकतर्फी निर्णय गरेका घटनाहरू भेटिन्छन् । जुन १९२९ मा एक खचडाले स्थानीय कानूनको उल्लंघन गरेको आरोपमा भोटे अधिकारीले २०० कोर्रा लगाई तीन दिन कैद गरे । खचडाहरू भोटकै मुलुकमा जन्मेकाले उनीहरूलाई आफ्नै देशको रैती दावा गर्न पनि थाले ।[53]

## खचडाप्रति चिनियाँ दृष्टिकोण

प्राचीनकालदेखि नै भोट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा (बीसौं शताब्दीको शुरूका केही दशक बाहेक) चीनको प्रभाव क्षेत्रमा रहेको थियो । भोटकै माध्यम र कारणले गर्दा नेपालको सम्बन्ध चीनसंग कायम भएको हो । नेपालले भोटमा प्राप्त गरेका विशेषाधिकारहरूप्रति चीनको नैतिक समर्थन भै आएको थियो । सन्धिद्वारा प्रदत्त अधिकारहरू निर्वाध रूपमा उपभोग गर्न नेपालले चीनलाई खुशी तुल्याई आफ्नो पक्षमा पार्न सदैव प्रयत्नशील रहेको पाइन्छ । यसैले खचडाप्रति चिनियाँ दृष्टिकोण पनि एक महत्त्वपूर्ण पक्ष ठानिएको हो ।

खचडाहरूप्रति चिनियाँ अधिकारीले थिचोमिचो गरेका घटनाहरूका प्रमाणहरू पाइन्छन् । अन्य बेलामा यस्ता घटना छुटपुट रूपमा भएको पाइए तापनि १९०८–१२ मा भोट-चीन संघर्षको समयमा चीनद्वारा प्रत्यक्षरूपमा नेपालीहरूको विशेषाधिकारहरूप्रति दखल दिए । उक्त संघर्षको दौरानमा खचडाहरूलाई कर लगाउने, जबर्जस्ती झारामा काम गराउने, खचडा खचडाबीचको झगडामा हस्तक्षेप गर्ने, खचडा र भोटका रैतीबीचमा भएका मामिला पनि नेपाल सरकारका प्रतिनिधिसंग सम्पर्क नै नराखी एकतर्फी निर्णय गर्ने, जस्ता अहद विपरीतका कार्यवाही चीनबाट भएको थियो । यी सबै घटनामा नेपाली वकील, श्री ३ र श्री ५ को समेत विरोधलाई ल्हासास्थित चिनियाँ अम्बा र अन्य अधिकारी-

---

५०) राहुल सांकृत्यायान– **तिब्बत मे सवा वरस**, दिल्ली: शारदा मन्दिर, वि. सं. १९९०, पृ. २५१ ।

५१) नेपाल, **पूर्ववत्**, पाद टिप्पणी संख्या ६, पृ. २२४ ।

५२) **उही**, पृ. २०७ ।

५३) मिश्र, **पूर्ववत्**, पाद टिप्पणी संख्या ९, पृ. २०३–०४ ।

हरूले खास ध्यान दिएनन्।[54] किम्या (?) खचडाले अनुचित स्थानमा मूत्रत्याग गरेको अभियोगमा चिनियाँ अधिकारीले कोर्रा हानी केही समय थुनामा राखेका थिए। मिमि खचडालाई भेडा चोरेको आरोपमा चिनियाँ-ले थुनामा राखेका थिए। यसका अतिरिक्त खचडालाई भोटमा सडक निर्माण गर्ने कार्यमा ज्याला नदिई काम लगाएका थिए।[55]

भोट मुलुकमा रहेका खचडाहरूले चिनियाँ अधिकारीलाई सलाम गर्ने प्रचलन भएकोमा लाङतारिन् अम्वाले साष्टाङ्ग दण्डवत (काउ टाउ) गर्न बाध्य गराए[56] र खचडाले यामुनबाट (अम्वाको कार्यालय) राहदानी र बन्दूकको अनुमति लिनुपर्ने आदेश दिन थाले।[57] यी सबै घटनामा नेपालको विरोधको केही लागेन।

चीन भोट संघर्षको दौरानमा नेपाली खचडाहरू-लाई भोटस्थित चिनियाँ अधिकारीहरूले आफ्नो फौजमा भर्ना गर्न पेटक पटक नेपाली वकील जीतबहादुरसंग अनुरोध गरेका थिए। तर नेपाल सरकारको निर्देशनमा वकीलले उक्त अनुरोधलाई स्वीकार गरेनन्।[58] यस बाहेक नेपाली खचडाहरूलाई आफूखुशी पनि चिनियाँ फौजमा भर्ना हुन जान पनि रोक लगाए।[59] यति हुँदा हुँदै पनि १४।१५ जना खचडाहरू चिनियाँ फौजमा भर्ना हुन गएकोमा केही समयमा अधिकांश छाउनीबाट भागेको र बाँकी खारेज भएका थिए।[60]

ल्हासा बाहेक अन्यत्रका केही स्थानमा पनि स्थानीय चिनियाँ अधिकारीहरूले खचडाहरूलाई सताएका एक दुई घटनाहरू पाइन्छन्। ल्हारिगोको फापुनले धोर्जे भन्ने खचडालाई पिटेकोमा स्योखाङमा चिनियाँ पुलिस अड्डामा ल्हासा अदालतबाट डिठ्ठा पठाई संयुक्त कचहरी गर्दा फापुनले कुटेको ठहराई चिनियाँ रु. ३०(?)कुटिने-लाई भराइदिएको उल्लेख तत्कालीन एक प्रलेखमा परेको छ।[61]

ल्हासास्थित चिनियाँ अम्वा र भोटमा विभिन्न स्थानमा रहेका चिनियाँ अधिकारीहरूले चीन–भोट संघर्ष (१९०८–१२) बाहेक अन्य समयमा खचडा विरुद्ध काम कारवाई गरेका खास दस्तावेजहरू पाइएका छैनन्। १९१२ ई. पछि केही दशकसम्म भोटमा चीनको प्रभुत्व खत्तम हुन जाँदा यस विषयमा कुनै विवाद उठेन र १९५६ ई. को नेपाल–चीन मैत्री सन्धि भएपछि खचडा सम्बन्धमा नयाँ व्यवस्था भयो।

### खचडाको सामाजिक स्थिति

भोटमा नेपाली खचडाहरूको इतिहास सत्रौं शताब्दीमा शुरू भएर १९५६ ई. सम्म कायम भयो। यो समयमा दुवै देशबीच विभिन्न सन्धि भए तापनि खचडा व्यवस्थामा कुनै परिवर्तन या संशोधन भएन। वास्तवमा

५४) उही– पृ. १५७–६२।

५५) उही, र सांकृत्यायन, **पूर्ववत्**, पाद टिप्पणी संख्या ५१, पृ. २४८–५४।

५६) श्री ३ चन्द्रशम्शेरले वकील जीतबहादुरलाई पठाएको आदेश, वि. सं. १९६७, माघ ४(नोभेम्बर–१९११) पोका नं. ८०, परराष्ट्र मन्त्रालय अभिलेखालय, काठमाडौं।

५७) उही, वि. सं. १९६७ जेष्ठ ८(मे-१९१०)उही।

५८) फ्रान्सीस टुकर, **गोरखाः दि स्टोरी अफ गोर्खाज अफ नेपाल,** लण्डनः कन्स्टेवल एण्ड कंपनी, १९५७, पृ. १९०।

५९) वकील जीतबहादुरले श्री ३ चन्द्रशम्शेरलाई पठाएको बिन्तीपत्र, वि. सं. १९७७ ज्येष्ठ ७ रोज ६(मे–१९१०) पोका नं. ८०, परराष्ट्र मन्त्रालय अभिलेखालय, काठमाडौं।

६०) उही।

६१) वकीलको जाहेरीको वहि, वि. सं. १९६७ श्रावण २९,(अगष्ट–१९१०)उही।

नेवारी व्यापारीले भोटेनी स्त्री विवाह गरी पैदा भएका छोरालाई मात्र खचड़ा भनिने गरिएको पाइन्छ। नेपालके उत्तर सीमा क्षेत्रमा बस्ने शेर्पा जस्ता समुदायहरूले पनि भोटमा आफ्नो बन्द व्यापार चलाएका थिए। यस्ता जनताले भोटमा विवाह गरी उत्पन्न भएका छोरालाई खचडा भनेर उल्लेख गरेको पाइँदैन।[62] यस्ता नेपाली रैतीका सन्तान सम्बन्धमा भएको व्यवस्था विषयमा खास जानकारी पाइएको छैन। नेवार महाजनका खचडा छोराले बाबुको थर लेख्ने र नलेख्ने दुवै प्रचलन थियो।[63]

भोटमा व्यापार गर्न जाने सबै महाजन बौद्ध धर्म अवलम्बन गर्ने हुनाले, खचडाहरू सबै बौद्ध धर्मावलम्बी नै थिए। कति खचडाहरू बौद्ध भिक्षु (वाडा) हुन गएको प्रमाण पनि पाइएको छ। खचडाहरूमा एक भाइ मात्र भए भिक्षु हुन नसक्ने तर एकभन्दा बढी भएमा एक भाइ भिक्षु हुन पाउने नियम बाँधिएको पाइन्छ।[64] वकील अड्डाका प्रायःजसो सबै हाकिम र कामदार हिन्दू हुने हुँदा हिन्दूका चाडबाड जस्तै दशैंमा खचडाहरूले वकीलकहाँ टीका थाप्न आउने दस्तुर चलेको देखिँदैन।[65]

भोटमा रहेका खचडाहरूले मर्दा मशानमा लगी मुर्दा काटी चरा कुकुरलाई खवाउने प्रचलन थियो। यस्तै प्रकारले अन्त्येष्टि संस्कार गर्ने भोटका स्थानीय बासीहरूको परम्परा थियो। यसमा श्री ३ चन्द्रशम्शेरले ल्हासास्थित नेपाली वकीललाई उक्त प्रथालाई हटाई मुर्दा गाड्न लगाउन खचडाहरूलाई उर्दी दिन आदेश दिएका थिए।[66]

भोटका बासिन्दा र खचडाहरूको आकृति छुट्याउन ज्यादै मुश्किल पर्दथ्यो। चिनियाँ अधिकारीहरूले भोटका रैती भनी पक्राउ गर्दा कति पटक खचडा पनि परेका थिए। यो दुविधा हटाउन नेपाली वकील जीत–बहादुरले सबै खचडालाई टोपी लगाउन आदेश दिएका थिए।[67] यो आदेश कतिसम्म पालना भयो, शंकास्पद छ।

खचडाहरू आफ्नो बाबुको अंशियार हुन सक्दैन थिए। खचडाको छोराले मात्र बाबुको अंशमा दावा गर्न सक्दथे। भोटस्थित महाजन मरेमा नेपालस्थित मृतकका सन्तान वा उसका हकवालाले नै उसको सम्पत्ति पाउँदथ्यो। यदि उक्त मृतक निःसन्तान (खचडा बाहेक) भएमा वा उसका हकवाला नभएमा मृतकको सम्पत्ति कौसीतोसाखानामा जम्मा हुन्थ्यो।[68] यस बाहेक भोटस्थित नेपाली (नेवार) महाजनले आफ्नै सन्तान भए तापनि खचडालाई धर्मपुत्र राख्न पाउँदैन थिए। कुनै खचडाले आफ्नो सन्तान नभएमा खचडालाई नै धर्मपुत्र भने राख्न पाउँदथे।[69]

---

६२) यस विषयमा ज्ञानमणि नेपालसंग छलफल हुँदा, नेपालका अन्य जातिहरूले भोटका स्त्री विवाह गरी जन्मेका सन्तान पनि खचडा नै हुने गरेको राय व्यक्त गर्नु भएको छ। तर यस विषयमा प्रमाण पाउन सकिएको छैन। वकील अड्डामा काम गर्नेहरूले स्थानीय स्त्रीसंग विवाह गरेको प्रमाण पनि भेटिएको छैन।

६३) यस विषयमा थप अनुसन्धान हुन अपेक्षित छ।

६४) मिश्र, पूर्ववत, पाद टिप्पणी संख्या २५, पृ. ८–९ (नेपाली खण्ड)।

६५) मिश्र, पूर्ववत्, पाद टिप्पणी संख्या ४८, पृ. १३ (नेपाली खण्ड)।

६६) श्री ३ चन्द्रशम्शेरले ल्हासास्थित वकीलको नाममा पठाएको आदेश, वि. सं. १९६८ कार्तिक ११ (नोभेम्बर–१९११) पोका नं. ८८, परराष्ट्र मन्त्रालय अभिलेखालय काठमाडौं।

६७) उही

६८) मिश्र, पूर्ववत्, पाद टिप्पणी संख्या २५, पृ. ७ (नेपाली खण्ड)।

६९) उही, पृ ५–६।

भोटमा विभिन्न स्थानमा रहेका नेपाली व्यापारी हरूमध्ये एकलाई थकाली नियुक्त गर्ने परम्परा थियो। ग्याञ्चीमा १९०५ ई. देखि एक अड्डा खडा गरी सरकार-द्वारा निजामती सेवाका व्यक्तिलाई थकाली नियुक्त गर्ने शुरूवात भएको पाइन्छ।[70] तर अन्यत्र भने पुराने व्यवस्था अनुसार थकाली नियुक्त हुने परम्परा थियो। खचडाहरूको थकाली खचडा नै हुने गर्दथे। नेवार महाजन थकाली भएमा ज्ञानपंजी रकम माफी हुन्थ्यो- तर खचडालाई उक्त रकम नलाग्ने हुँदा अन्य सुविधा थिएन।

भोटमा रहेका खचडाहरूको आफ्नै गुठी थियो। खचडाहरूमध्ये कोही भिक्षु हुनगएमा उसले आफ्नो औकात अनुसार २ थानदेखि एक टांकसम्म गुठीलाई चन्दा दिनु पर्दथ्यो।[71] सिगात्सेमा फागुन शुदि २ मा लिंगो खडा गर्दा खचडाहरूलाई सरकार तर्फबाट भोज खुवाउनु पर्ने चलन थियो।[72] पाँच सदस्यीय सौगात मण्डलका काजी चीनबाट फर्कदा ल्हासामा खचडाहरूलाई भोज खुवाउन २९ रु. दिने चलन थियो।[73] खचडाहरूले पनि श्री ५ को देहवासनमा आसौच बरखी बार्नु पर्ने चलन थियो। श्री ५ पृथ्वी स्वर्ग हुँदा भोटमा रहेका खचडाहरूले अरूले जस्तै १३ दिन आसौच र ४५ दिन बरखी बारेका थिए।[74]

## खचडा विवाद

प्रतापमल्लको राज्यकालमा भएको सन्धि अनुसार भोटमा नेपाली व्यापारी मरेमा उसको अपुताली पाउने विषयमा र नेपाली व्यापारीले भोटेनी स्वास्नी राखी जन्मेका सन्तानको छानवीन गरी निर्णय गर्न कुतिमा एक अड्डा खडा गरियो भनी भाषा वंशावलीमा उल्लेख छ।[75] कालान्तरमा यो अड्डा ल्हासा वकीली अदालतमा परिणत भएको अनुमान गरिएको छ।[76] खचडा व्यवस्थामा विवाद प्रारम्भमा आएको देखिदैन–खचडाहरूको संख्या कम भएको कारणबाट हुन सक्छ। तर राणाकालको शुरूदेखि नै खचडा विवाद चर्किन थालेको देखिन्छ। यथार्थमा खचडाहरूले उपयोग गरिरहेका विशेष अधिकारहरू नै विवादको मूल जड थियो। भोटका अधिकारीहरूको असभ्य तथा उग्र व्यवहारलाई नियन्त्रण गर्न नेपाल सरकारलाई अनुरोध गरेका दृष्टान्तहरू पाइन्छन्। स्थानीय रीति, रिवाज र धार्मिक मूल्य तथा मान्यतालाई अवहेलना गर्ने, अफिम जस्ता निषिद्ध वस्तुको व्यापारमा संलग्न हुने, सबै खचडा संयुक्त भै स्थानीय जनतालाई दुःख दिने आदि शिकायत खचडा उपर थियो।[77] ल्हासाका नेपाली वकील र ग्याञ्चीका लेफटेन थकाली सबैले खचडालाई यी कार्यमा उक्साएको आरोप पनि लागेको थियो।[78]

नेपाल भोटमा आफ्ना खचडाको संख्या बढी भएको हेर्न चाहन्थ्यो–तिनका मुद्दा मामिला, दण्ड जिताउरी पनि नेपालको हुने हुँदा सोही प्रकारले भोट सरकार

---

७०) तीर्थप्रसाद मिश्र–"नेपलिज थकाली एट ग्यान्टसे (१९०५–१९३८)" **प्राचीन नेपाल**, संख्या ११४ (अक्टोबर-डिसेम्बर–१९८९) पृ. ९–१७।

७१) मिश्र, **पूर्ववत्**, पाद टिप्पणी संख्या ४८, पृ. १२–१३ (नेपाली खण्ड)।

७२) **उही**।

७३) नेपाल, **पूर्ववत्**, पाद टिप्पणी संख्या- १२, पृ. ३२५।

७४) वकील जीतबहादुरको विन्तीपत्र, वि. सं. १९६८ माघ ३ रोज ३ (जनवरी–१९१२), पोका नं. ५५; परराष्ट्र मन्त्रालय अभिलेखालय, काठमाडौं।

७५) खनाल, **पूर्ववत्**, पाद टिप्पणी संख्या ३, पृ. ४।

७६) **उही**।

७७) वेल– **पूर्ववत्**, पाद टिप्पणी संख्या, १३, पृ २३०–३५।

७८) **उही**।

पनि धेरै रैती नेपाली भएमा उनीहरूबाट दण्ड कर उठाउन नपाउने हुँदा खचडाको संख्या कम भएको हेर्न चाहन्थे ।[79] रैतीहरू पनि नेपाली बन्न पाउँदा खुशी रहन्थे जसबाट भोटको कडा दण्ड सजायँ हुनेबाट बचिने र झारा तिर्नु नपर्ने हुनाले ।[80]

उपर्युक्त समस्याको समाधानका लागि भोटका चारकाजीले श्री ३ महाराज चन्द्रशम्शेरलाई बारम्बार पत्र पठाएको पाइन्छ । चारकाजीले खचड़ाहरूको बढ्दो उद्दण्डता र उनीहरूबाट उठने समस्या समाधानका लागि खचडाहरूले बुझाउनु पर्ने कर भोट सरकारबाट उठाई नेपाल पठाउने व्यवस्था गर्न अनुमति मागे । यसको साथै खचडाहरूको जन्म र मरणको अभिलेख राख्न पनि अनुरोध गरे ।[81] कस्यालले ल्हासास्थित नेपाली वकीलले श्री ३ महाराजकै आज्ञा उल्लंघन गर्ने गरेको आरोप पनि लगाए ।[82] भोटबाट कुनै निश्चित अवधि पश्चात खचडाहरू भोटकै रैती हुने व्यवस्था मिलाउनु पर्ने पनि लेखापढी भएको थियो । तर भोटका शिकायत, अनुरोध र सुझावहरूलाई नेपालले वास्ता गरेको देखिँदैन ।

खचडा विवाद समाप्त गर्न भोटले दिएका उपर्युक्त सुझाव र अनुरोधहरू नेपालबाट मान्य नभएपछि भोटबाट अर्को राय आयो । खचडाबाट नेपाल सरकारले वार्षिक रूपमा पाउने दस्तुर बढाई ५ दाम गर्ने तथा उक्त दस्तुर भोटले नेपाललाई दिने र यसको बदला खचडा उपर भोटको कानून लाग्ने व्यवस्था हुनु पर्ने ।[83] तर यो राय पनि नेपालले मान्य ठहराएन । पत्राचार र विभिन्न सुझाव पेश गर्दा पनि यो समस्या यथावत भएकाले समस्या समाधान गर्ने उद्देश्यले तीर्थयात्राको बहानामा १९२५ ई. मा छारूङ्ग काजीले नेपालको भ्रमण गरे । भ्रमणको अवसरमा उनले यो विवाद समाप्त गर्न दुई पुस्तापछि खचडाहरू भोटका रैती हुने व्यवस्था गर्नु पर्ने विषयमा सुझाव दिए । तर परम्परागत रूपमा नेपालले पाएको अधिकार त्याग गर्ने प्रश्नै थिएन– काजीको प्रस्ताव नेपाललाई पचेन । समस्या यथावत रह्यो ।[84]

विभिन्न प्रयासबाट पनि यो समस्या समाधान नभएपछि भोटले खचडाप्रतिको नीतिमा परिवर्तन ल्यायो । भोटमा जन्मेका खचडाहरू भोटकै रैती हुने भन्ने ठहराई उनीहरूलाई आफ्नै देशको कानून लगाउन थाल्यो । नेपाल सरकारबाट यसमा तीव्र विरोध भयो–लामो लेखापढी पनि भयो । खचडा विवादले गर्दा दुवै देशको सम्बन्धमा नकारात्मक असर देखा पर्न थाले । यो विवादबाट पनि नेपाल भोट सम्बन्ध तनाव आई १९२८–३०. ई. मा युद्धको स्थिति देखा पर्‍यो ।[85] १९५६ ई. खचडा विषयमा नयाँ व्यवस्था नहुन्जेल, यो समस्याको समाधान भएन ।

### खचडा व्यवस्थाको समाप्ति

भोटलाई पूर्ण रूपले गणतन्त्र चीनको अधिनस्थ क्षेत्र घोषणा गरेपछि, नेपाल र चीन दुवैले आपसी सम्बन्ध सदृढ बनाउन नयाँ व्यवस्थाको आवश्यकता महसूस गरे । यसै अनुरूप नेपाल र भोटबीच भएका सम्पूर्ण पूर्व सन्धि खारेज गरी नयाँ सन्धि १९५६ मा भयो । यस सन्धिले अन्य क्षेत्रमा जस्तै खचडा व्यवस्थामा पनि महत्त्वपूर्ण परिवर्तन ल्यायो । नेपालले भोटमा पाएका एकतर्फी सुविधाहरूको अन्त्य भयो । ल्हासा वकील अड्डा,

७९) नेपाल– **पूर्ववत्**, पाद टिप्पणी संख्या १२, पृ. २०७ ।

८०) **उही** ।

८१) उप्रेती– पूर्ववत् पाद टिप्पणी संख्या ३४, पृ. १४६ ।

८२) **उही** ।

८३) **उही**, पृ. १४७ ।

८४) तीर्थप्रसाद मिश्र– "भोटका प्रधान सेनापतिको नेपाल यात्रा: **गरिमा**, पूर्णाङ्क ५०; (माघ २०४३) पृ. ३०–४० ।

८५) **उही** ।

ग्याच्ची, कुति, केरूडमा रहेका नेपालका अड्डाहरू खारेज भै समानताको आधारमा दूतहरू आदान प्रदान गर्ने व्यवस्था भयो र ल्हासामा नेपालको कन्सुलेट जनरल स्थापना गर्न चीन सरकारले मंजुर गर्‍यो ।[86] यस सन्धि मुताविक चीनको तिब्बत (भोट) क्षेत्रमा बसोबास गरेका नेपालीहरूलाई स्थानीय नियम कानून लागू हुने व्यवस्था भयो । सन्धिको धारा १४ मा निम्न व्यवस्था भएको पाइन्छ:

> नेपाल र जनवादी चीनको राष्ट्रियता प्राप्त गरेका आमाबाबुबाट जन्मेका १८ वर्ष र सो भन्दा बढी उमेरका चीनको तिब्बत क्षेत्रमा रहेका कुनै व्यक्तिले आफ्नो र १८ वर्ष मुनिका बालबच्चाको निमित्त चीन सरकारको प्रचलित कार्यविधि पूरा गरी आफ्नो इच्छा अनुसार जनवादी चीनको राष्ट्रियता स्वीकार गर्न सक्नेछन्, भन्ने दुवै सरकार मञ्जुर गर्दछन् । पूर्व लिखितका विधि पूरा गरेपछि निजहरू र निजहरूका १८ वर्ष मुनिका बालबच्चाहरूले स्वत: नेपालको राष्ट्रियता परित्याग गरेको संझिने छ ।[87]

यो व्यवस्था लागू भएपछि खचडाहरू अधिकांशले चीनकै नागरिकता लिए । नेपाली महाजनले भोटका स्त्री विवाह गरी जन्मेका छोरा नेपालको र छोरी भोटकै रैती हुने पुरानो परम्परा पनि अन्त्य भयो– खचडा विवादको लागि समाधान भयो ।

नेपाली व्यापारीहरूले भोटका स्त्री विवाह गरी जन्मेका छोरा नेपालको र छोरी भोटको रैती हुने परम्परा निकै लामो समयसम्म चलेको एक अनौठो व्यवस्था थियो । यस व्यवस्थाले गर्दा नेपालको बन्द व्यापार भोटमा फष्टाएको थियो । स्थानीय स्त्री विवाह गर्दा स्थानीय जनताको सम्पर्कमा अभिवृद्धि भै व्यापारमा बढावा भयो । यो काम नेपाली स्त्रीबाट हुने संभावना थिएन । शुरूमा यो व्यवस्था पूर्णतया नेपाली व्यापारीको सुविधा सहुलियतलाई दृष्टिकोण राखी गरिएको भए तापनि समयानुकूल परिमार्जन हुन नसक्दा यसमा क्लिष्टता आयो । शुरूमा यस्ता खचडाहरूको संख्या कम हुनाले समस्या आएन र उन्नाइसौं शताब्दीको मध्यतिर यो समस्या चर्कंदै आयो । यो व्यवस्थालाई समयानुकूल बनाउने तर्फ नेपाल सरकारको ध्यान गएन–यस्ता खचडाहरूको तथ्यपूर्ण लगत राख्न सकेन । विवाद चर्कंदै गए पछि मात्र खचडाहरूको अभिलेख राख्ने तर्फ नेपालबाट भयो । कतिपय भोटका रैतीले पनि सुविधा पाउन नेपाली खचडा भएको दावा गर्न थाले ।

नेपालले खचडालाई आफ्नो रैती दावा गर्ने, कर लिने गर्दथ्यो । तर उनीहरूको सुरक्षा, भलाइ र भविष्यप्रति खास चासो देखाएको पाइँदैन । खचडाहरूले बाबुको सम्पत्तिमा अंशीयार हुन नपाउने हुँदा यी वर्ग विपन्न भए । शुरूमा खचडाहरूलाई अंश दिने व्यवस्था गर्दा, नेपाली व्यापारीहरूले कमाइ भोटमा नै रहन सक्ने संभावना हुनाले उक्त बन्दोबस्त गर्नु परेको देखिन्छ । नेपाली महाजनको अंशको आंशिक उत्तराधिकारी खचडालाई बनाउने व्यवस्था भएको भए नेपालप्रति (प्राय: खचडा कोही कोही मात्र नेपाल आएका हुन्थे) आस्था बढ्ने थियो । यस प्रकार नेपालले समयमा दृष्टि पुर्‍याउन नसक्दा खचडाहरूलाई नागरिकताको विकल्प दिंदा चिनियाँ रैती हुन नै रूचाए ।

खचडाहरूप्रति नेपाल र भोट दुवै सदा सकारात्मक दृष्टिकोण राख्न सकेन । खचडाहरूले सुविधा पाएकोमा भोटेहरू रूष्ट थिए । अत: खचडाहरूलाई प्रत्यक्ष र अप्रत्यक्ष रूपमा दु:ख दिन चुक्दैन थिए । अर्कोतिर खचडाहरूले पनि स्थानीय रीति, रिवाज, परम्परागत मान्यतालाई अवहेलना गर्ने गर्दथे । यी कारणहरूले गर्दा पनि खचडा विवाद हुन थाल्यो । खचडा विवादलाई समाधान गर्न भोटका विविध प्रयासलाई नेपालले कुनै वास्ता नै राखेन– जसबाट भोटले खचडा विषयमा एकतर्फी निर्णय गर्न थाल्यो । यसबाट दुवै देशको अन्य सम्बन्धमा पनि तनाव आयो ।

---

८६) योगी नरहरिनाथ– **इतिहास प्रकाशनमा सन्धिपत्र संग्रह–** काठमाडौं: दाङ आध्यात्मिक परिषद, वि. सं. २०२२, पृ. १६१ ।

८७) उही ।